त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमुतु खारानेटा, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

त्रिवेणी गाउँपालिकाका

# विनियोजन विधेयक, २०७५

**गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,**

गाउँ कार्यपालिकाबाट गाउँ सभामा पेश गर्न स्वीकृत मितिः २०७५ असार ०८ गते ।

गाउँ सभामा पेश भएको मितिः २०७५ असार १० गते ।

गाउँसभा बाट स्वीकृत मितिः २०७५ असार २० गते ।

## प्रस्तावना

त्रिवेणी गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम त्रिवेणी गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम " त्रिवेणी गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३०,१७,५०,००० (अक्षेरुपी तीस करोड सत्र लाख पचार हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त त्रिवेणी गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिनआएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम



झक्कु प्रसाद घर्ती मगर
अध्यक्ष

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमुतु खारानेटा, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७४

साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

झक्कु प्रसाद घर्ती मगर
अध्यक्ष

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | सर्शत अनुदान | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | | गाउँ कार्यपालिका | ८६५०० | ८१८५० | १३३४०० | ० | ३०१७५० |
| २ | | वडा समिति | ० | ० | | ० | ० |
| ३ | | विषयगत शाखा | ० | ० | | ० | ० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | | ० | ० |
| ५ | | लगानी ( शेयर / ऋण) | ० | ० | | ० | ० |

............................

(प्रस्तुतकर्ता)

निर्मला बिष्ट खडका

गाउँपालिका उपाध्यक्ष

मितिः २०७५ असार १० गते ।

प्रमाणीत गर्नेः

दस्तखतः

नामः झक्कु प्रसाद घर्ति मगर

पदः गाउँपालिका अध्यक्ष

प्रमाणीत गरेको मितिः२०७५असार १० गते